प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १०५ ॥ २०८१ जेठ १२ गते शनिबार (25th May 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# म्याद थप्दा पनि हात्तीपाइले अभियानमा भद्रपुर असफल

| SN | Local level | Target Population | Grand total | Epi Coverage |
|---|---|---|---|---|
| 1 | Mechinagar | 135085 | 111709 | 82.69533997 |
| 2 | Buddhashanti | 54237 | 50539 | 93.18177628 |
| 3 | Arjundhara | 86836 | 64946 | 74.7915611 |
| 4 | Kankai | 54214 | 46251 | 85.31191205 |
| 5 | Shivasatakshi | 76055 | 70221 | 92.32923542 |
| 6 | Kamal | 54705 | 44633 | 81.58852024 |
| 7 | Damak | 112038 | 89028 | 79.46232528 |
| 8 | Gauradaha | 61677 | 54136 | 87.77340013 |
| 9 | Gauriganj | 35320 | 30993 | 87.74915062 |
| 10 | Jhapa | 39450 | 35882 | 90.95564005 |
| 11 | Bahradashi | 37875 | 32842 | 86.71155116 |
| 12 | Birtamod | 120338 | 120484 | 100.1213249 |
| 13 | Haldibari | 32813 | 25406 | 77.42662969 |
| 14 | Bhadrapur | 71149 | 36255 | 50.95644352 |
| 15 | Kachankawal | 40850 | 36381 | 89.05997552 |
|  | Total | 1012642 | 850060 | 83.94477021 |

झापा(प्रस) । हात्तीपाइलेबिरुद्धको राष्ट्रिय आम औषधि सेवन अभियानको म्याद १० दिन थप्दासमेत भद्रपुर नगरपालिका असफल भएको छ । बैशाख १६ गतेदेखि ३० गतेसम्म निर्धारित अभियानलाई १० दिन म्याद थपेर जेठ १० सम्म पुर्याउँदासमेत भद्रपुरले लक्ष्य हासिल गर्न सकेन । नगरका ५४ प्रतिशतलाई मात्र औषधि सेवन गराउन सकेको भद्रपुरको नतिजा सबैभन्दा कमजोर बनेको हो । बैशाख १६ गतेदेखि ३० गतेसम्म अभियान संचालन हुँदा भद्रपुरले ४४.२७ प्रतिशतलाई औषधि सेवन गराएको थियो । थपिएको १० दिनमा त्यसलाई बढाएर ५४ प्रतिशत पुर्याएपनि लक्ष्य हासिल गर्न नसकेको स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाह्रकोटीले बताए । भद्रपुरले गत वर्ष पनि ५३ प्रतिशतलाई औषधि सेवन गराएको थियो । भद्रपुरसंगै जिल्लाका ४ पालिकाले ८० प्रतिशतभन्दा कमलाई मात्र औषधि खुवाउन सकेका छन् ।

अर्जुनधाराले ७४.७९प्रतिशत , हल्दिवारीले ७७.४२प्रतिशत र दमकले ७९.४६ प्रतिशतलाई औषधि सेवन गराएका हुन् । सबैभन्दा बढी बिर्तामोडले १००.१२ प्रतिशत , बुद्धशान्तिले ९३.१८ प्रतिशत ,शिवसताक्षीले ९२.३२ प्रतिशत ,कचनकवलले ८९.०५ प्रतिशत , गौरादहले ८७.७७ प्रतिशत , गौरीगञ्जले ८७.७४ प्रतिशत ,बाह्रदशीले ८६.७१ प्रतिशत ,कन्काईले ८५.३१प्रतिशत ,मेचीनगरले ८२.६९ प्रतिशत ,कमलले ८१.५८ प्रतिशतलाई हात्तीपाइलेको औषधि सेवन गराएका छन् ।

१० दिन म्याद थपिँदा हात्तीपाइले रोगविरुद्धको आम औषधि खुवाउने कार्यक्रमअन्तर्गत झापाका ८३.९४ प्रतिशत अर्थात ८ लाख ५० हजार ६० जनाले औषधि सेवन गरेका छन् । कुल १० लाख १२ हजार ६४२ जनालाई औषधि खुवाउने लक्ष्य राखिएको थियो ।

बैशाख १६ देखि बैशाख ३० गतेसम्म संचालित आम औषधि कार्यक्रमअन्तर्गत ७९.४६ प्रतिशतले औषधि सेवन गरेकोमा थपिएको म्यादमा संख्या बढेर ८३.९४ प्रतिशत पुगेको स्वास्थ्य कार्यालय झापाका प्रमुख बाह्रकोटीले बताए ।

यसैबीच स्वास्थ्य कार्यालय झापाले यस अभियानलाई सफल बनाउन अहोरात्र खटिने सम्पूर्ण स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई बिशेष धन्यबाद दिँदै उक्त अभियानलाई सफलतापूर्वक कार्यान्वयन गर्ने झापा जिल्लाका १५ वटै स्थानीय तह, प्रत्यक्ष वा अप्रत्यक्ष साथ दिने सम्पूर्ण जनप्रतिनिधि, शिक्षक तथा विद्यालय परिवार, सम्पूर्ण अस्पताल तथा स्वास्थ्य संस्थाहरु, सहयोगी तथा साझेदार संघ संस्था र सरोकारवालाहरुप्रति आभार प्रकट गरेको छ ।

### बढ्यो काठ तस्करी

# ६ सय क्युविक फिटभन्दा बढी काठ बरामद

- **लक्ष्मी उप्रेती**

मेचीनगर । झापा जिल्लाका विभिन्न क्षेत्रमा काठको अवैध तस्करी बढेको छ । अन्य क्षेत्रको तुलनामा सुरक्षा निकायको उपस्थिति कम रहेको ग्रामीण क्षेत्रमा तस्करी बढेको हो ।

जिल्लाका अलग अलग स्थानबाट प्रहरीले ६ सय क्युविक फिटभन्दा बढी अवैध काठ बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार जिल्लामा पछिल्लो समय काठको अवैध कारोवार बढेसंगै प्रहरी गोप्यरुपमा परिचालन भएको छ । जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दका अनुसार चालु आर्थिक वर्ष २०८०/०८१ को दश महिनामा जिल्लाका अलग अलग स्थानबाट ६ सय ९१ क्युविक फिट काठ बरामद भएको छ । यसवापत ४० लाख ४५ हजार ५ सय रुपैयाँ राजस्व जम्मा भएको कार्यालयले जनाएको छ । त्यसमा प्रयोग भएका ८ वटा सवारीसाधन र संलग्न ८ जनालाई प्रहरीले पक्राउ गरेको प्रहरी नायव उपरीक्षक चन्दले बताए । प्रहरीले सवैभन्दा बढी असोज महिनामा २ सय २२ क्युविक फिट काठ , त्यसमा प्रयोग भएको दुईवटा सवारीसाधन र संलग्न २ जनालाई पक्राउ गरी आवश्यक कारवाहीका लागि डिभिजन वन कार्यालय झापामा बुझाएको थियो । त्यसवापत १३ लाख ४९ हजार रुपैयाँ राजस्व संकलन भएको थियो । भदौंमा ३४ क्युविक फिट काठ बरामद हुँदा त्यस वापत १० लाख रुपैयाँ राजस्व जम्मा भएको कार्यालयले जनाएको छ । भदौंमा अबैधरुपमा काठको काम गर्ने १ जना पुरुष र एउटा सवार ीसाधन प्रहरीले नियन्त्रणमा लिएको थियो ।

श्रावण महिनामा २ सय १९ क्युविक फिट काठ, २ वटा सवारीसाधन र ४ जना मानिस पक्राउ परेका थिए । बरामद काठबाट ७ लाख ७६ हजार ८० रुपैयाँ राजस्व जम्मा भएको थियो । मंसिरमा ९४ क्युविक फिट काठ, २ वटा सवारीसाधन र २ जना मानिस पक्राउ पर्दा २ लाख २४ हजार रुपैयाँ राजस्व जम्मा भएको छ । पुष महिनामा १५ क्युविक फिट काठ बरामद गर्दा ३ लाख ५० हजार रुपैयाँ राजस्व संकलन भएको थियो भने चैत महिनामा ३४ क्युविक फिट काठ नियन्त्रणमा लिँदा १ लाख २७ हजार तथा बैशाख महिनामा ७३ क्युविक फिट काठ र एउटा सवारीसाधन बरामद हुँदा २ लाख १९ हजार ४ सय २० रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ । प्रहरीले बरामद सबै काठ आवश्यक कारवाहीका लागि डिभिजन वन कार्यालय झापामा पठाएको छ । जिल्लामा बेला-बेलामा तस्करी र अवैध ओसार-पसारका घटनाहरू सार्वजनिक हुँदै आएका छन् । इलाम र झापा खुल्ला सिमाना भएको क्षेत्र भएकाले काठ तस्करी हुँदै आएको प्रहरी नायव उपरीक्षक चन्दले बताए । गत वर्षमात्र सशस्त्र प्रहरीले मेचीनगरबाट ठुलो परिमाणमा साल जातको गोलिया काठ बरामद गरेको थियो ।

मेचीनगर नगरपालिका-१ स्थित कृष्णथुम्की मन्दिर नजिकैबाट सो परिमाणको काठ बरामद गरेको थियो । झापासँग सिमाना जोडिएको इलामका सीमावर्ती वन क्षेत्रबाट तस्करी गरी ल्याइएको अवैध काठ नेपाल प्रहरी, सशस्त्र प्रहरी र वन कार्यालयका कर्मचारीले बरामद गर्ने गरेका छन । अवैध काठ चोरी मुद्धामा वन ऐन २०४९ अनुसार कानुनी कारवाही गरिने वन कार्यालयले जनाएको छ ।

# अत्यधिक गर्मीका कारण दुईजनाको मृत्यु



मेचीनगर(प्रस) । अत्यधिक गर्मीका कारण झापामा दुईजनाको मृत्यु भएको छ । मेचीनगरमा सडकमा हिँड्दाहिँड्दै एकजना पैदलयात्रीको मृत्यु भएको छ । शुक्रवार अपरान्ह ५.३० बजेतिर मेचीनगर-९ का ७४ वर्षका नरबहादुर श्रेष्ठ मेचीनगरको धुलाबारीस्थित टिमाई पुल छेउमा लडिरहेको अवस्थामा भेटिएका थिए ।मेचीनगर ९ का वडा सदस्य धनबहादुर श्रेष्ठका पिता नरबहादुरलाई स्थानीयले अचेत अबस्थामा देखेर उपचारका लागि मेची आम्दा अस्पताल पुर्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । छिमेकीका अनुसार शुक्रवार दिउँसो धुलाबारीमा आयोजना गरिएको भोजमा सहभागी भएर उनी घर फर्किएको हुन सक्ने अनुमान गरिएको छ । स्थानीयले अत्यधिक गर्मीका कारण नरबहादुरको मृत्यु भएको अनुमान गरेका छन् ।

त्यस्तै शुक्रवार अपरान्ह बुद्धशान्तिको जयपुरमा एक बेवारिसे शव फेला परेको छ । मागिखाई हिड्ने अन्दाजी ६०-६५ वर्षका पुरुष बाटोको छेउमा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । गर्मीका कारण उनी पनि ढलेको हुनसक्ने आशंका गरिएको छ । शुक्रवार झापामा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस रहेको थियो ।

# हेवाखोला दुर्घटनामा एकजनाको मृत्यु , अर्का घाइते

झापा(प्रस) । मेची राजमार्गको फिदिम ताप्लेजुङ सडक खण्डअन्तर्गत पाँचथरको हिलिहाङ ७ हेवाखोलामा शुक्रबार साँझ गाडी दुर्घटनामा परी एक जनाको ज्यान गएको छ ।

त्रिशक्ति कन्स्ट्रक्सनका कर्मचारी बोक्ने बा १७ च ७९९९ नम्बरको टोयोटा कम्पनीको गाडी शुक्रबार साँझ पौने ६ बजे दुर्घटना भएको हो । अनियन्त्रित भएर पल्टिँदा सोही गाडीका चालक नेपालगन्जका अन्दाजी ३५ वर्षीय श्याम विश्वकर्माको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनामा इलामका ३१ वर्षीय लक्ष्मण मुखिया घाइते भएका छन् । उनलाई पाँचथर अस्पतालमा प्राथमिक उपचारपश्चात् झापातर्फ पठाइएको छ । गाडी सडकदेखि २५ मिटर तल खसेर उत्तानो परेको छ । अनियन्त्रित भएर दुर्घटना भएको हुनसक्ने जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी निरीक्षक दिवश कुँवरले जानकारी दिए ।

## सार्वजनिक सुनुवाई हुनेबारे अत्यन्त जरुरी सूचना

**यस बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको काम कारबाही र सेवा प्रवाहका बारेमा तपशिल मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको हुँदा उपस्थितिको निम्ति सम्पूर्ण पालिकाबासीहरुमा हार्दिक निमन्त्रणा गर्दछौं ।**

**तपशिल**

**मिति: २०८१ ज्येष्ठ १४ गते, सोमबार**
**समय: बिहान ११ बजे**
**स्थान: श्री बुद्ध आदर्श माविको सभाहल, बुद्धशान्ति १, झापा**

आयोजक: **बुद्धशान्ति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**, बुधबारे, झापा

ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price
~~Rs. 1500/-~~
Rs. 1050/-

ऋषिकेश
Ayurvedic Hair Oil
Promote Hair Regrowth
Stimulate Hair from Root
Control Hair Loss
Prevent Dandruff
३५

Free Home Delivery

Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# बाहुनडाँगी बी डिभिजन लिग च्याम्पियन

झापा(प्रस) । बाहुनडाँगी युथ क्लब झापा जिल्लास्तरीय बी डिभिजन लिग च्याम्पियन बनेको छ । बिहीवार भएको फाइनल खेलमा बिर्तामोड युनाइटेड एफसीलाई पराजित गर्दै बाहुनडाँगी च्याम्पियन बनेको हो ।

बी डिभिजनबाट बढुवा भएका दुवै टोलीबीच फाइनल प्रतिस्पर्धा भएको थियो । जसमा बाहुनडाँगीले ३-२ गोलअन्तरले बिर्तामोडलाई पराजित गरेको हो । बिर्तामोडले सुरुवाती अग्रता लिएको थियो । तर, बिर्तामोडको अग्रता त्यति धेरै टिक्न सकेन । बिर्तामोडका लागि सुजन विश्वकर्माले खेलको २ मिनेटमै अग्रता दिलाएका थिए । तर, बाहुनडाँगीका रिक्की प्रधानले १४औँ मिनेटमा बराबरी गोल फर्काए । फेरि ३१औँ मिनेटमा नरेन्द्र खत्रीले गोल गर्दै बिर्तामोडको अग्रता दोब्बर बनाए । पहिलो हाफको थप समयमा बिर्तामोडका रोशन गुरुङले आत्मघाती गोल गर्दा बाहुनडाँगी फेरि खेलमा फर्कियो । बाहुनडाँगीका लागि निर्णायक गोल दोस्रो हाफको १४औँ मिनेटमा रिक्की प्रधानले गरे ।उनी प्लेयर अफ दी म्याच र प्लेयर अफ दी टुर्नामेन्ट बन्दै नगद पुरस्कार पाउन सफल भए । यसैगरी, सर्वाधिक गोलकर्ता बिर्तामोडका सुजन विश्वकर्मा, उत्कृष्ट गोलरक्षक बाहुनडाँगीका अभिषेक लिम्बू र उत्कृष्ट प्रशिक्षक बाहुनडाँगीकै विमलराज पाण्डे बने ।उपविजेतामा समेटिएको बिर्तामोडले नगद १५ हजारमा चित्त बुझायो भने च्याम्पियन टोली बाहुनडाँगीले उपाधिसहित नगद ३० हजार पायो । उनीहरुलाई पूर्व प्रदेश सांसद बृख प्रधान, झापा जिल्ला फुटबल संघका अध्यक्ष भगिरथ आले मामा, उपाध्यक्ष मनेष दाहाल, कोषाध्यक्ष भुपेन लिम्बू, सदस्य टेकराज तिलिङ, अमिर श्रेष्ठलगायतले पुरस्कार प्रदान गरेका थिए ।

# सगरमाथा आरोहणका क्रममा केन्याली नागरिकको मृत्यु

झापा(प्रस) । सगरमाथा आरोहणका क्रममा केन्याका ४० वर्षीय नागरिक जोसुआ चेरियटको किरुईको को मृत्यु भएको छ । पर्यटन विभागका अनुसार बिनाअक्सिजन सगरमाथा आरोहणका क्रममा ४० वर्षीय जोसुआको मृत्यु भएको हो । बुधबार राति सगरमाथा चुचुरो नजिकै (८,८३० मिटर) उनी मृत अवस्थामा भेटिएका थिए । मे १८ तारिखका दिन नेपाली गाइड सोलुखुम्बुका ङवाङ शेर्पाका साथ बिनाअक्सिजन जोसुआ सगरमाथाको आधारशिविरबाट दोस्रो शिविरतर्फ गएका थिए । उनी २० मे का दिन तेस्रो शिविर पुगका थिए । २१ मेका दिन चौथो शिविर पुगेका उनीहरू २२ मे (बुधबार) बिहान सगरमाथा चुचुरोतर्फ लागेका थिए ।आरोही र सहयोगी सगरमाथा नजिकै पुगे पनि आरोहण गरे/नगरेको यकिन नभएको समेत विभागले जनाएको छ । बुधबार दिउँसो ९ बजेसम्म पनि सम्पर्कमा नआएपछि सेभेन समिटले चार जना अनुभव माउन्टेन पथप्रदर्शक परिचालन गरी क्याम्प २ माथि खोज तथा उद्धारका लागि परिचालन गरेको थियो ।

सो क्रममा राति साढे १० बजे केन्याका आरोहीको शव भेटिएको थियो । सहयोगी शेर्पाको अवस्था समेत अज्ञात रहेकाले अझै खोजी जारी रहेको विभागले विज्ञप्तिमा उल्लेख गरेको छ । यही हप्ता सगरमाथा आरोहणका क्रममा अन्य तीन जनाको मृत्यु भएको छ । यसअघि एक जना रोमानियाली, एक जना बेलायती आरोही र एक नेपाली पथप्रदर्शकको आरोहणका क्रममा मृत्यु भएको थियो ।

---

## हात्तीपाइले रोग विरूद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

### हात्तीपाइले रोगका लक्षणहरू

- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुन्निने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

---

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय झापा**
कोशी प्रदेश, भद्रपुर, नेपाल

## हार्दिक आभार

सन् २०३० सम्म नेपालबाट हात्तीपाइले रोग निवारण गर्ने राष्ट्रिय लक्ष्यका साथ प्रमुख रणनीतिको रुपमा हात्तीपाईले रोग बिरुद्धको आम औषधि सेवन अभियान यस वर्ष २०८१ बैशाख १६ देखि शुरु भई जेठ ०९ गते सफलता पूर्वक सम्पन्न भएको छ। उक्त अभियानको अवधिमा झापा जिल्ला भरिका करीब १० लाख जनसंख्यालाई औषधि खुवाउने लक्ष्य लिईएकोमा ८३.९४ प्रतिशत अर्थात ८,५०,०६० जनालाई औषधि खुवाउन सफल भएका छौं। यस अभियानलाई सफल बनाउन अहोरात्र खटिनुहुने सम्पूर्ण स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई बिशेष धन्यबाद ज्ञापन गर्दछौं। साथै उक्त अभियानलाई सफलता पूर्वक कार्यान्वयन गर्नुहुने झापा जिल्लाका १५ वटै स्थानीय तह, प्रत्यक्ष वा अप्रत्यक्ष साथ दिनुहुने र सहयोग गर्नुहुने सम्पूर्ण जन प्रतिनिधि, शिक्षक तथा बिद्यालय परिवार, सम्पूर्ण अस्पताल तथा स्वास्थ्य संस्थाहरु, सहयोगी तथा साझेदार संघ संस्था र सरोकारवालाहरुमा स्वास्थ्य कार्यालय झापा हृदय देखि नै आभार प्रकट गर्दछ। अभियान संचालनका लागि आवश्यक मार्ग दर्शन प्रदान गर्नुहुने संघीय सरकार/ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, प्रदेश सरकार स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, हात्तीपाईले रोग निवारण जिल्ला स्तरीय समन्वय समिति, जिल्ला प्रशासन कार्यालया झापा प्रति हार्दिक आभार प्रकट गर्दछौं।

आगामी दिनहरुमा संचालन हुने यस्ता जनस्वास्थ्यका अभियानहरुमा पनि यहाँहरुको अझ सकृय सहयोग र समन्वयको अपेक्षा गर्दछौं। धन्यबाद।

२०८१/०२/११
रमेश बाह्रकोटी
बरिष्ठ जनस्वास्थ्य अधिकृत
वरिष्ठ जनस्वास्थ्य अधिकृत

---

## मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल

बिर्तामोड ५, झापा

## शिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

प्रकाशित मिति: २०८१/०२/१२

आ.व.२०८१/०८२ को लागि मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल, बिर्तामोड, झापालाई तपशिलमा उल्लेखित सेवा संचालन र सामग्रीहरु आपूर्ति गर्नुपर्ने भएकाले इच्छुक इजाजत प्राप्त सेवा सञ्चालक तथा सप्लायर्सहरुले आवश्यक कागजात समेत संलग्न राखी आफूले सप्लाइ गर्न चाहेको सामाग्रीको ब्रान्ड र कबोल गरेको दररेट रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरी उल्लेख गर्दै अस्पतालले उपलब्ध गराएको फारम यो सूचना प्रथमपटक प्रकाशित गरेको मितिले २१ दिन भित्र कार्यालय समय भित्र (शनिबार बाहेक) अस्पतालको प्रशासन शाखाबाट फारम लिइ सिलवन्दी दरभाउ पत्र सुचिकरणको लागी पेश गर्न आव्हान गरिन्छ ।

सूचिकरण गरिएका सप्लायर्सहरु मध्ये प्राप्त दर–भाउ-पत्रहरुलाई छानावन गरी अन्तिम निर्णय गर्ने सम्पूर्ण अधिकार अस्पतालमा निहित रहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल

१. ल्यावका रिएजेन्ट, अन्य ल्याब आइटम तथा केमिकल्स
२. सर्जिकल आइटमहरु
३ सर्जिकल इन्स्ट्रुमेन्टहरु
४. क्लिनीङ यूटिलीटी आइटम (सरसफाईका सामग्री)
५. स्टेशनरी सामानहरु
६. छपाई सम्वन्धि कामहरु
७. कम्प्यूटर, प्रिन्टर, पार्टस तथा टोनर रिफिलिङ्ग
८. ईलेक्ट्रिकल्स सामग्रीहरु
९. लण्ड्री सेवा सम्वन्धी आइटमहरु
१०. जेनेरेटर मर्मत सेवा र पार्टसहरु
११. AC मर्मत सेवा र पार्टसहरु
१२. तोकिएका मेडिसिनहरु
१३. डेन्टल आइटमहरु
१४. अर्थो इम्प्लान्ट आइटमहरु
१५. प्लम्बिङ्गका सामग्रीहरु
१६ डाइलोसिस सम्वन्धीत सम्पुर्ण सामाग्रीहरु
१७ अस्पतालको युनिर्फम तथा लिनेन(Linens) सम्वन्धी सामाग्रीहरु

संलग्न गर्नुपर्ने कागजातहरु सम्वन्धमा

- सप्लाइ गर्ने सेवा र सामाग्री सम्वन्धी अस्पतालले उपलब्ध गराएको फर्म भरि संलग्न राख्नुपर्ने
- कम्पनी/फर्म दर्ता प्रमाणपत्र
- स्थायी लेखा नम्बर प्रमाणपत्र (VAT/PAN)
- करचुक्ता प्रमाणपत्र (latest)
- आफुले सप्लाई गर्ने सामाग्रीको producer/ importer/ Distributer/आधिकारिक विकेता मध्ये आफु जे हो सो को आधिकारिक कागजातहरु ।

विस्तृत जानकारीको लागी सम्पर्क:
मनमोहन मेमोरीयल सामुदायिक अस्पताल
बिर्तामोड, झापाको प्रशासन शाखा
फोन नं. ०२३५३५२५१

Email-
manmohan.procurement@gmail.com

---

## बाली उपचार शिविर संचालन गर्नेबारे मेचीनगर नगरपालिकाको अत्यन्त जरुरी सूचना

**यस मेचीनगर नगरपालिका अन्तर्गतका १५ वटै वडाहरुमा यही मिति २०८१ जेठ १३ देखि २०८१ जेठ २७ गतेसम्म निम्न स्थान र समयमा बाली विशेषज्ञ र प्राविधिकद्वारा शिविर संचालन गरिने भएकोले रोग किरा र अन्य कारणद्वरा क्षतिग्रस्त भएका बिरुवाहरुसहित शिविरमा सहभागिता जनाईदिन हुन सबै कृषकहरुमा हार्दिक अनुरोध छ। बाली उपचार शिविर संचालन हुने स्थान**

| वडा नं | सञ्चालन स्थान | मिति | समय | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | गाडागल्ली बजार | २०८१/२/१३ | दिनको ११ बजे | गौरी शंकर आचार्य (कृषक)<br>नम्रता राई (कृषि प्राविधिक) | ९८४७२५८६९८<br>९८०७९१३००७ |
| २ | बौद्धमोड, भगवती मन्दिर | २०८१/२/१४ | दिनको ११ बजे | रेनुका सत्याल (कृषक), पुर्णबहादुर खड्का (कृषक) नम्रता राई (कृषि प्राविधिक) | ९८४९५७४८४०<br>९७४२६७९२६५<br>९८०७९१३००७ |
| ३ | रामजानकी मन्दिर तेलपानी | २०८१/२/१५ | दिनको ११ बजे | दिपक राज दाहाल (कृषक), पुष्प गुरागाई (कृषक) नम्रता राई (कृषि प्राविधिक) | ९८१४०९०९०३<br>९८१६०४९४३३ |
| ४ | हात्ती मैत्री किसान समूह | २०८१/२/१६ | दिनको ११ बजे | नम्रता राई (कृषि प्राविधिक), देवीप्रसाद आचार्य (समूह अध्यक्ष) | ९८०७९१३००७<br>९८१६००९६२५ |
| ५ | सिताराम मन्दिर | २०८१/२/१७ | दिनको ११ बजे | बालकृष्ण श्रेष्ठ (कृषक) नम्रता राई (कृषि प्राविधिक) | ९८६३७२८८५५<br>९८०७९१३००७ |
| ६ | नवदुर्गा मन्दिर | २०८१/२/१८ | दिनको ११ बजे | ललित कुमार तामाङ्ग (वडा अध्यक्ष)<br>हिरा लाल शर्मा (कृषक) | ९८५२६७२११०<br>९८४२७५७८६९ |
| ७ | अरनिको मा.वि. गोमनसरी | २०८१/२/१९ | दिनको ११ बजे | अर्जुन कार्की (वडा सदस्य) लुना दाहाल (कृषि प्राविधिक) | ९८१७९१८८८१<br>९८४२०६०४४३ |
| ८ | ग्रामनाथ टोल (भण्डारी गाउँ) | २०८१/२/२० | दिनको ११ बजे | गिरीराज धमला (वडा अध्यक्ष) | ९८६१५०२४०८ |
| ९ | कृषि तथा पशु सेवा केन्द्र | २०८१/२/२१ | दिनको ११ बजे | लुना दाहाल (कृषि प्राविधिक) | ९८४२०६०४४३ |
| १० | प्रगतिशिल कृषि समूह , मिरा सिटौलाको घर अगाडी | २०८१/२/२२ | दिनको ११ बजे | विशाल कार्की( वडा सदस्य)<br>मेदनी खनाल (समूह अध्यक्ष) | ९८२४९७७२४२<br>९८४४६११७३४ |
| ११ | बासबारी टोल सामुदायिक भवन | २०८१/२/२३ | दिनको ११ बजे | विष्णुमाया गौतम(वडा सदस्य) | ९८१४९४५२०७ |
| १२ | मेचे गाउँ बिच कामत टोल | २०८१/२/२४ | दिनको ११ बजे | मधुसुधन निरौला (वडा अध्यक्ष) | ९८२४०७३२२३ |
| १३ | दुर्गा पाञ्चायन मन्दिर | २०८१/२/२५ | दिनको ११ बजे | रविन्द्र न्यौपाने ( वडा सदस्य) | ९८४९४२१८०० |
| १४ | जागरण कृषक समूह , राजन पौडेलको घर छेउ | २०८१/२/२६ | दिनको ११ बजे | पुष्पा ढुङ्गेल खनाल (समूह अध्यक्ष) | ९८०७९६२९७८ |
| १५ | शिवालय मन्दिर | २०८१/२/२७ | दिनको ११ बजे | गुणराज भट्टराई (वडा अध्यक्ष) | ९८०१४१०८१३ |

**नोट : सबैजना कृषकहरुले शिविरमा आउँदा आफ्नो बालीमा देखिएको समस्याग्रस्त भएको बोट वा बोटको समस्याग्रस्त भाग लिएर आउनु होला । थप जानकारीको लागि मेचीनगर नगरपालिका कृषि विकास शाखा मोवाइल नं.९८२३१७२६०५ टेकेन्द्र प्रधान,९८६२०४५४०७ कविता पौडेललाई सम्पर्क गर्नु होला ।**

**मेचीनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
**कृषि विकास शाखा**
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

---

## पृथ्वी सबैको साझा घर हो । वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं । मानव हात्ती द्वन्दको अन्त्य गरौं ।

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

**थप जानकारीको लागि:**

डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कठोर साधनापछि बुद्धत्व

बुद्धको पञ्चशील हिंसारहित जीवन, चोरी नगर्ने, झुट नबोल्ने, व्यभिचार नगर्ने र मद्यपान नगर्ने हो। बुद्धका प्रमुख ४ वाद महायान, हीनयान, बज्रयान र थेरवाद हुन्। बुद्धका ४ आर्य सत्यमा दुःख सत्य, समुदाय सत्य, निरोध सत्य र मार्ग सत्य हुन्।

अहिंसा परमो धर्म नै हो। हिन्दु धर्ममा झैं बहुदेवप्रथा तथा मूर्ति पूजामा बुद्धले विश्वास नगरे पनि तन, मन, वचनको अहिंसालाई बुद्धले जीवनको तपस्याको रूपमा लिए। संयोगले बछको जन्म, बुद्धत्व प्राप्त गरेको दिन र महापरिनिर्माण प्राप्त गरेको दिन पनि वैशाख शुक्ल पूर्णिमा एउटै तिथि परेको छ। शाक्यवंशीय राजा शुद्धोधनकी महारानीले राति सपनामा ६ ओटा दाँत भएको सेतो हात्ती र षट्चक्र भएको एक उज्यालो तारा शरीरमा प्रवेश गरेको देखिन्। उनै मायादेवीको कोखबाट ईसापूर्व ५६३ मा कपिलवस्तुबाट मायावतीको माइतीक्षेत्र देवदह जाँदै गर्दा बीच बाटोमा रमणीय साल बगैंचामा जन्मिएका बालक जन्मँदै आकर्षक थिए। जन्मको सिद्धि प्राप्त गर्न सक्ने ज्योतिषीय भविष्यवाणीअनुसार न्वारान गर्दा उनको नाम सिद्धार्थ राखियो।

त्रिकालदर्शी विद्वान्हरूले भने– यो बालक या त प्रतापी राजा हुनेछ या सन्न्यासी। अब लौकिक सुखले आकर्षण गर्न सकेन र पारलौकिक परम शान्ति प्राप्ति हेतु २९ वर्षकै उमेरमा आषाढ पूर्णिमा मध्यरात्रि समय दरबार छोडी नदी किनारामा पुगेर राजवस्त्र त्यागी कत्थक नामक घोडालाई पनि अरूको जिम्मा दिई आफ्नो कपाल आफैं खौरेर घटिकार नामक ब्राह्मणप्रदत्त पहेँला कपडा लगाई हातमा एक पात्र लिई भिक्षुभेष धारण गरी हिँडे। उसबेला वनमा उनले निकै कडा तप गरेर पनि ज्ञान प्राप्त नहुँदा शुद्ध आहार गर्न लागेका सिद्धार्थ भिक्षार्थी भई क्षेत्रबाट गाउँ पसे। उनी एउटा बटवृक्षमा बस्दा सुजाता नामकी स्त्रीले कुनै असल व्यक्ति सम्झेर खीर खान दिइन्। बुद्धत्व प्राप्तिको अन्तिम खानास्वरूप भएको त्यो खीर दिने कुनै दैवी शक्ति हुन सक्छ। त्यो खानापछि ३५ वर्षे उमेरमा बोधगयामा बोधिवृक्षमुनि उनले बुद्धत्व प्राप्त गरे।

बुद्धत्व हो कि होइन भनी उनले सात हप्तासम्म चिन्तन गरिरहे अनि तपस्सु र भ्रतलुक दुई व्यापारीले दिएको सातु र मह खाएर धर्मोपदेश गर्न थाले। कठोर साधनापछि बुद्धत्व प्राप्त गरेका बुद्धले सर्वप्रथम दिव्यज्ञान कौडिण्यलाई दिए भने अन्तिम ज्ञान प्राप्त गर्ने व्यक्ति सुभ□ऋषि भए। सातु र मह दिने व्यापारीलाई पनि बुद्धले धर्म देशना गरे। आषाढ पूर्णिमाकै दिन सारनाथ क्षेत्रमा आफूले प्राप्त गरेको दिव्यज्ञान प्रचार गरे। ४५ वर्षसम्म उनले विभिन्न क्षेत्रमा बुद्धधर्मको प्रचार गरे। अन्त्यमा ८१ वर्षको उमेरमा भारतको कुशीनगरको उपवर्तन वनमा दुई सालको रूखमुनि इ.पु. ४८३ मा बुद्धले महापरिनिर्माण प्राप्त गरे। यसरी सिद्धार्थ गौतमले बुद्धत्व हासिल गरेका हुन् ।

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

# सुशासनको प्रस्थान विन्दु

• डा. नारायणप्रसाद भट्ट

सुशासन भनेको खुला, पारदर्शी र नागरिकप्रति जवाफदेही प्रशासनिक सेवा दिनु हो ।मुलुकको विकास सुशासनमा मात्र सम्भव हुन्छ । सुशासन कायम हुँदा नागरिकलाई सरकारको नजिक ल्याएर विकास प्रक्रियामा सहभागी गराउन सहज हुन्छ । कतिपय स्थानीय सरकारले नागरिकलाई सेवा मात्र दिएका छैनन्, सूचनासहितको सुविधा पनि प्रदान गरेका छन् । सबै स्थानीय तहले सुशासन दिने हो भने विकास प्रक्रियाले गति लिने छ तर संघीय सरकारले सहजीकरण गरिदिनु पर्छ, सजिलो कानुनी बाटो बनाइदिएर । सहज कानुनमा मात्र स्रोत साधनको उच्चतम परिचालन गरी जनसमुदायप्रति उत्तरदायी हुन र पारदर्शी बन्न सघाउने छ ।

यतिबेला प्रशासनलाई नागरिकप्रति पूर्ण उत्तरदायी र जवाफदेही बनाउने चुनौती तीनै तहका सरकारसामु छन् । विकेन्द्रीकरण, कानुनको शासन, आर्थिक अनुशासन, स्रोतको उच्चतम व्यवस्थापनसहित भ्रष्टाचारमुक्त चुस्त प्रशासनबाट मात्रै नागरिकप्रति जवाफदेही बन्न सकिन्छ । त्यसका लागि सर्वप्रथम संविधानको संस्थागत विकासको खाँचो छ । संविधान जीवन्त बनाउन सकियो भने सुशासन कायम गराउन सहज हुन्छ । नीतिमा ह्रास, जनसहभागिता र जवाफदेहिताको कमी र उत्तरदायित्वको अभावमा सुशासन कायम हुन सकेको छैन । राज्यसंयन्त्र यसप्रति चनाखो हुन आवश्यक छ ।

संघ, प्रदेश र स्थानीय तहबाट सुशासनको प्रत्याभूति गराउन सके नागरिकलाई विकास प्रक्रियामा सहभागी गराउन सकिन्छ । नागरिकलाई उत्पादन प्रक्रियामा जोड्न सके मात्रै संविधानले प्रत्याभूत गरेका आर्थिक तथा सामाजिक हक प्राप्त गर्न सकिन्छ । रोजगारी, सामाजिक न्याय, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य आदि मौलिक हकलाई कार्यान्वयन गर्न राज्यले धेरै बजेट खर्चनुपर्ने हुन्छ । सुशासनबाट मात्रै अर्थतन्त्र बलियो बनाउन सकिन्छ । सुशासनका लागि बलियो व्यवस्थापिका, प्रभावकारी सरकार, सरल न्याय प्रणाली र कर्मचारी प्रशासनमा सुधारको खाँचो छ । सुशासन र शान्तिका लागि निर्माणकर्ता, सञ्चारकर्मी र नागरिक समाजको पनि महत्वपूर्ण भूमिका हुन्छ । जिम्मेवारीबोधका साथ काम गर्ने सरकार हुनु पर्छ । राजनीतिक तहमा निर्णय गर्ने मन्त्रिपरिषद् र त्यसलाई कार्यान्वयन गर्ने कर्मचारी प्रशासन बढी उत्तरदायी र जिम्मेवार हुनु पर्छ । जिम्मेवारीबोधका साथ काम गर्नाले मात्र असल शासन स्थापित हुन सक्छ । न्यायपालिकाको सक्षमता पनि न्यायिक प्रक्रियामा देखिनु पर्छ । प्रभावकारी व्यवस्थापिका, जवाफदेही कार्यपालिका र उत्तरदायी न्यायपालिकाबाट मात्रै सुशासन स्थापित हुन सक्छ ।

सुशासनको मूल ध्येय नै जनसमुदायको बढ्दो सहभागिता, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व हो । संघीय सरकार भद्दा भयो, काम नगर्ने र कुरा मात्रै गर्ने भयो भने त्यसले स्थानीय सरकारलाई प्रभाव पार्छ । चाहे जस्तो काम गर्न सक्दैन । जनताले फरक ढङ्गले काम भएको अनुभूति गर्न पाउँदैनन् र निराशा पैदा हुन्छ । त्यसैले पनि संघीय सरकार छरितो, कामयावी, समन्वयकारी र जनताप्रति उत्तरदायी हुनु पर्छ । प्रदेश सरकार समन्वयकारी र स्थानीय तह पारदर्शी हुनु पर्छ । स्थानीय तह बलियो भयो भने नै विकासको पूर्वाधार निर्माण गर्न सहज हुन्छ । मजबुत स्थानीय सरकारले मात्रै राष्ट्रमा समृद्धि छाउँछ । आमजनसमुदायको जीवनस्तरमा ल्याउने सकारात्मक परिवर्तन मात्रै समृद्धि हो न कि सीमित धनाढ्य, कर्मचारी, नेता आदिले मात्रै महसुस गर्ने समृद्धि । हिजोआज चलनचल्तीको प्रयोगमा ल्याउने समृद्धि शाब्दिक अर्थमा आर्थिक सामाजिक विकास नै हो ।

सरकारले जनसमुदायलाई सेवा सुविधा प्रदान गर्दै गयो भने मात्रै त्यो सरकारले वास्तविक अर्थमा वैधानिकता प्राप्त गर्छ । जनतालाई सेवा प्रदान गर्ने कार्यमा सरकार दिन प्रतिदिन प्रयत्नशील हुनु पर्छ । मुलुकको शासन व्यवस्था निकै कमजोर छ । भ्रष्टाचार रोक्न सकिएको छैन । मुलुक उत्पादनमुखीबाट आयातमुखी भएको छ, यो सकारात्मक सङ्केत होइन । उत्पादन बढाउने खालका कार्यक्रम बजेटमार्फत ल्याउन सक्नु पर्छ । नीति तथा कार्यक्रमले सम्बोधन गर्न नसकेका विषयलाई बजेटमार्फत सम्बोधन गरिनु पर्छ ।

राष्ट्रमा सामाजिक तथा आर्थिक समृद्धि हासिल गर्न शासनसत्तामा बस्नेहरू दिलैदेखि लाग्नु पर्छ । बृहत्तर योजनाबाट मात्रै समृद्धिको आशा गर्न सकिन्छ । हो, समृद्धि सामुन्ने छ, हामीले मन फुकाउन सक्यौँ भने । शासकले आफ्नो सेवा राष्ट्रबाटै पूरा गर्ने योजना बनाउने वित्तिकै त्यसैको सेरोफेरोबाट जनसमुदायले राहतको सास फेर्न सक्ने छन् । यो सुशासनबाट मात्रै सम्भव छ । कल्याणकारी बजेट, उचित व्यवस्थापन, कानुनको दरिलो शासनले मात्रै सुशासन अनुभूति हुन्छ ।

आधुनिक मानव सभ्यताको विकासको क्रममा आदिवासी संस्कृतिदेखि अहिलेसम्म विभिन्न प्रकारका शासन प्रणाली विकसित हुँदै आएका छन् । हालको संसदीय शासन प्रणालीबाट सुशासन स्थापित हुने देखिन्न । सुशासनले मानिसलाई भ्रष्टाचार र रातो टेपबाट मुक्त बनाउँछ र प्रशासनलाई स्मार्ट, नैतिक, उत्तरदायी, जिम्मेवार र पारदर्शी बनाउँछ । सुशासनका उद्देश्य सरकारी प्रक्रियालाई व्यावहारिक बनाएर मुलुकमा 'खुला र जवाफदेही प्रशासन' हुनु पर्छ ।

देशमा सुशासन पद्धति बसाएर आर्थिक समृद्धि हासिल गर्न विकासमा देशवासीको सहभागिताको आह्वान गर्नु पर्छ । त्यहाँ राजनीतिक आग्रह/पूर्वाग्रह हुनु हुँदैन । को कुन पार्टीको, को कुन पक्षको भन्ने कोणबाट हेरिनु हुन्न । स्थानीय सरकार जुनसुकै पार्टीले नेतृत्व गरेका होस्, विकास प्रक्रियामा त्यसको छनक देखिनु हुन्न । कुनै पनि योजना पूरा गर्न जनसहभागितामा कस्तो प्रक्रियाबाट काम सम्पन्न गर्ने र कुन मितिसम्म सम्पन्न गर्ने भन्ने जस्ता स्पष्ट खाका पस्कनु पर्छ । त्यही क्यालेन्डर अनुसार अघि बढ्नु पर्छ । परिमाण, गुणस्तर, प्रक्रिया र समयसीमाको योजनामा स्पष्ट राखेर मात्र सुशासन भए नभएको, कति भएको कति मात्रामा नभएको, किन भएन, अब अगामी (बाँकी) योजना पूरा गर्न के कस्ता सुधार गर्नु पर्छ, कार्यान्वयनमा के कसरी लाग्ने भन्ने विषयमा योजनाबद्ध रूपमा लाग्न सके समृद्धि हाम्रै पालामा सम्भव छ । जनसमुदायलाई विकास निर्माणमा आमसहभागी गराएर स्वामित्व लिन प्रेरणा जगाउन सके सुशासनले लय लिई अगाडि बढ्ने आशा गर्न सकिन्छ । जनसमुदायले विश्वास गरेको सुशासनलाई मात्र वास्तविक अर्थमा सुशासन मान्न सकिन्छ । आदर्श व्यक्तिको जीवन शैली, व्यवहार, सादा जीवन, मितव्ययिता, कानुनको पालना गरेर मात्र सुशासन कायम गर्न सकिन्छ । नागरिक समाज, निजी क्षेत्रलगायतका सबै सरोकारवालाले सुशासन कायम गर्न आइपर्ने चुनौतीको मुकाविला गर्नुपर्ने छ ।

सुशासनको परिभाषा २१ औं शताब्दीमा जनसमुदायले पहिले नै बुझिसकेको हुन्छ । जनसमुदायले फरक ढङ्गले काम भएको अनुभव गर्न पाएको छैन । कर्मचारी, राजनीतिकर्मी र सरकार सुशासनको शिर हो । यो शिरलाई झुक्न नदिँदा मात्र सुशासन कायम हुने हो । सुशासनले मात्रै समृद्धि ल्याउन सक्छ । आमसहभागितामूलक साझा मञ्च नै प्रजातन्त्र हो भन्ने मान्यताको विकास व्यावहारिक सुशासनबाट मात्रै हुन सक्छ । आमजनताको सहभागिताबिना बहुमत वा दुईतिहाईले खासै अर्थ नराख्न सक्छ । आमजनसमुदायको रुचिकर कार्य गरेमा मात्र हातेमालो गरेर विकास निर्माण सरल ढङ्गले अघि बढ्न सक्छ र सम्पन्न गर्न सकिन्छ ।

कर्मचारी, राजनीतिकर्मीमा सुशासनयुक्त व्यवहार हुनु अपरिहार्य छ । पारदर्शी, जनउत्तरदायी, विधिको शासन व्यवस्था आजका युवाको चाहना हो । त्यसलाई सम्बोधन गर्न कर्मचारीतन्त्रको जिम्मेवारपूर्ण व्यवहारबाट मात्र सम्भव छ । कर्मचारीतन्त्रका विसङ्गति हटाइ काम गर्ने वातावरण तयार नगरेसम्म युवा मागको सम्बोधन असम्भव छ । त्यसका लागि कर्मचारीतन्त्रमा शुद्धीकरण नगरी हुँदैन । कर्मचारीलाई एकल दोष थोपरेर राजनीतिककर्मीले उन्मुक्ति पाउने वातावरणले पनि हुनु हुँदैन । यसो भयो भने पुँजीगत रकम खर्च गर्न सकिन्न, विकास अवरुद्ध हुने छ । यसको मार पुनः जनताले बेहोर्नुपर्ने छ । जनउत्तरदायित्व, पारदर्शिता जस्ता सुशासनका कडीलाई कार्यान्वयनमा ल्याएर मात्र सबैखाले विकृति अन्त्य गर्न सकिन्छ भन्ने मान्यतालाई केन्द्रमा राखेर हिँड्न सक्ने हो भने मात्र राजनीतिकर्मी सफल हुने छन् अन्यथा मुलुक र नागरिकले दुःख पाउने छन् । राजनीति मुलुक र नागरिकको पक्षमा भएन भने राजनीति गर्नुको तुक हुने छैन । वादविवाद छाडेर सबै राजनीतिक दल आर्थिक उन्नतिसहितको विकास प्रक्रियामा सहभागी हुन अब पनि ढिला गर्ने हो भने त्यसले मुलुकको अस्तित्व रक्षामा प्रश्न उठ्ने छ । बेलैमा सोचौँ । संसद्को गतिरोध अन्त्य गरी मुलुक र नागरिकप्रति उत्तरादायी बनौँ ।

---

# उत्साहजनक नीति तथा कार्यक्रम

• नगेन्द्रराज पौडेल

नेपालको संविधानको धारा ११९ (३) अनुसार हरेक वर्ष जेठ १५ गते सङ्घीय संसद्मा सरकारको बजेट पेस गर्नुपर्ने व्यवस्था छ । बजेट पेस गर्नुपूर्व वार्षिक नीति तथा कार्यक्रम पेस गर्नुपर्ने छ । आर्थिक वर्ष २०८१/८२ को नीति तथा कायक्रम संघीय संसद्मा प्रस्तुत भइसकेको छ । नीति तथा कार्यक्रमका आधारमा नै बजेट आउँछ ।

सरकारले राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्ने गरी नीति तथा कार्यक्रम ल्याएको छ । यो वर्ष कृषि, सूचना प्रविधि र आधुनिक पूर्वाधार, निर्माण क्षेत्र विशेष प्राथमिकतामा परेका छन् । अर्थतन्त्रको सुधार र पुनरुत्थान, उत्पादकत्व वृद्धि, रोजगारीका लागि भन्दै ' डिजिटलाइजेसन र कृषिमा लगानी दशक' यस पटक सरकारले अघि सारेको वार्षिक नीति तथा कार्यक्रमका मुख्य आकर्षण हुन् ।

यो नीति तथा कार्यक्रम निकै उत्साहजनक देखिएको छ । समृद्धिको यात्रा तय गर्ने खालको छ । सामान्य विषयदेखि राष्ट्रको बृहत्तर हितका विषय यसभित्र समेटिएका छन् । सरकार जनताप्रति जवाफदेही छ भन्ने कैयौं कुराको उदाहरणको दस्ताबेजका रूपमा प्रस्तुत नीति तथा कार्यक्रम आएको छ ।

यतिबेला लघुवित्त, सहकारी, बिमा र पुँजीबजारमा बग्रेल्ती समस्या देखिएका छन् । पुँजीको तरलता छ । सहकारी पीडितहरूका आफ्नै समस्या छन् । यी समस्याको समाधान गर्न विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझाव कार्यान्वयन गरिनुका साथै लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनर्संरचना गरिने कुरा सरकारले अघि सारेको छ । यो नीति कार्यान्वयनपश्चात् यी समस्यामा न्यूनीकरण आउने अपेक्षा गर्न सकिन्छ ।

सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असुली न्यायाधीकरणमार्फत सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षा गरिने नीतिले सहकारीका विद्यमान समस्या समाधान हुने विश्वास गर्न सकिन्छ ।

### विपन्नका लागि सरकार

मुलुकमा हुँदा खाने र हुने खाने वर्ग छन् । सरकार हुँदा खानेका पक्षमा देखिएको छ । आगामी आर्थिक वर्षभित्र गरिब घरपरिवार पहिचान कार्य सम्पन्न गरी पहिचान भएका गरिबको स्थानीय तहमार्फत निःशुल्क बिमा गरिने नीति सरकारले लिएको छ । यो नीतिका कारण सरकार शिक्षा, स्वास्थ्य जस्ता जनताका आधारभूत आवश्यकताको पूर्तिका लागि सजग देखिएको पुष्टि हुन्छ । यसबाट कमजोरहरूका लागि सरकार छ भन्ने सन्देश प्रवाह भएको छ । गरिबीको रेखामुनि रहेका घरपरिवारका लागि विद्युतीय चुलो, ट्यूबवेललगायतका सामग्री निःशुल्क उपलब्ध गराइने नीति अख्तियार गरेर सरकार गरिबका आँखामा देखिन खोजेको छ । यो निकै सकारात्मक पक्ष हो ।

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको दायरा विस्तार गरिने भएको छ । सरकारी तथा सङ्गठित क्षेत्रमा कार्यरत अस्थायी, करार, ज्यालादारी कर्मचारीका साथै अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्दै छरिएर रहेका सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत रूपमा व्यवस्थापन गरिने नीति अघि सारेर सरकारले आफू सबैको अभिभावक भएको पुष्टि गरेको छ ।

तीन वटै तहका सरकार, निजी क्षेत्र, सहकारी र समुदायको साझेदारीमा 'उत्पादन र रोजगारीका लागि साझेदारी' कार्यक्रम सञ्चालन गरेर रोजगार सिर्जना गर्न सरकार प्रतिबद्ध देखिएको छ । कृषिजन्य विकासका लागि 'कृषिमा लगानी दशक' घोषणा गरी व्यापक परिवर्तन ल्याउन खोजिएको छ । उत्पादन चक्र सुरु हुनुपूर्व नै आधारभूत कृषिउपज तथा पशुजन्य उत्पादनको न्यूनतम समर्थन मूल्य तोक्ने नीति सरकारले अघि सारेको छ । यसबाट वर्षौं लगानी गरेर पनि आफ्ना उत्पादनको उचित मूल्य पाउन नसकेका किसानको वर्षौंदेखिको समस्या समाधान हुने देखिन्छ । किसानका पक्षमा प्रस्तुत सरकारी नीति एक कदम प्रगतिशील देखिन्छ ।

फलफूल, नर्सरी र बेर्ना रोपाइलाई व्यापक रूपमा विस्तार गरी पाँच वर्षभित्र देशलाई फलफूलमा आत्मनिर्भर बनाइने र दुई वर्षभित्र पशुपन्छी तथा मत्स्य उत्पादनमा पूर्ण आत्मनिर्भरता हासिल गर्ने लक्ष्य राखिएको छ । यो लक्ष्य पूरा गर्ने हो भने देश समृद्धितर्फ अघि बढ्नेमा विश्वास गर्न सकिन्छ । प्रस्तुत नीतिलाई सम्बोधन गर्ने गरी आगामी दिनमा उपयुक्त बजेटको विनियोजन भने हुन जरुरी छ। आगामी आर्थिक वर्षमा पाँच लाख भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासको समस्या समाधान गर्नुका साथै गुठीलगायत सबै जग्गाको दोहोरो स्वामित्वसम्बन्धी समस्या समाधान गर्ने सरकारको नीति रहेको छ । यसबाट विगतदेखि निकै पेचिलो र सधैँ उस्तै अवस्थामा रहेको सुकुमवासी समस्या केही मात्रामा भए पनि समाधान हुने आशा गर्न सकिन्छ । राष्ट्रिय गौरवका आयोजना अघि बढाउने नीति सरकारले अघि सारेको छ । दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिने लक्ष्य राखिएको छ । यसबाट देश क्रमश : आत्मनिर्भरताको गन्तव्यमा बामे सर्न खोजेको देखिन्छ । यो निकै खुसीको कुरा हो ।

सरकारको नीति तथा कार्यक्रम महिलामैत्री पनि रहेको छ । यो वर्षदेखि सरकारले महिलालाई आर्थिक रूपमा सक्षम, सबल र सशक्त बनाउन 'प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम' सञ्चालन गरिने नयाँ नीति अख्तियार गरेको छ । सबै प्रहरी चौकीमा महिला सहायता कक्षको व्यवस्था, बालसुधार गृहमा रहेका सबै बालबालिकाको निःशुल्क स्वास्थ्य बिमा, ज्येष्ठ नागरिकलाई स्थानीय तहमार्फत घरमा नै नियमित स्वास्थ्य परीक्षण एवं औषधी उपलब्ध गराउने, आगामी पाँच वर्षभित्र सबै बालबालिकालाई आधारभूत शिक्षा प्राप्त हुने सुनिश्चित गरिने तथा गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि गर्न 'एक पालिका एक स्मार्ट विद्यालय' अवधारणा कार्यान्वयनमा ल्याइने जस्ता विषय सरकारले समेटेको छ। यी कार्यक्रमको सही कार्यान्वयन हुन सकेको खण्डमा देश आर्थिक, सामाजिक तथा शैक्षिक हिसाबले पनि समृद्धिको मार्गमा हिँड्ने छ ।

निकै पेचिलो बनेको शान्ति प्रक्रियाको बाँकी कामले आजसम्म पनि पूर्णता पाउन सकेको छैन । नीति तथा कार्यक्रममा शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम शीघ्र सम्पन्न गरिने उल्लेख छ । शान्ति प्रक्रिया र द्वन्द्व रूपान्तरणका क्रममा भएका सहमति, समझदारी एवं सम्झौताको एकीकृत अभिलेख तयार गर्न जरुरी छ। जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलनलगायत विभिन्न राजनीतिक परिवर्तनको आन्दोलनका घाइते तथा अपाङ्गता भएकाको सूची अद्यावधिक गर्न र समस्याको दिगो समाधान गर्न उच्चस्तरीय समिति गठन गरिने विषयलाई नीति तथा कार्यक्रमले अघि सारेको छ ।

### शिक्षामा संवेदनशील

सरकार शिक्षा क्षेत्रको विकास र उन्नयनका लागि प्रतिबद्ध देखिन्छ । सरकारले अघि सारेको नीति तथा कार्यक्रममा सरकारी, सामुदायिक तथा संस्थागत विद्यालयका प्राध्यापक, शिक्षक वा कर्मचारीले राजनीतिक दलको सदस्य हुन नपाउने कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयन गरिने उल्लेख छ । यस अघि कानुन भएर पनि यसको पालना हुन सकेको थिएन । शिक्षकले मासिक रूपमै तलबभत्ता पाउने भएका छन् । शिक्षण पेसालाई थप गुणस्तरीय, आकर्षक र मर्यादित बनाउन शिक्षकलाई छात्रवृत्ति तथा नेतृत्व विकासका अवसर प्रदान गरिने सरकारको कार्यक्रम पनि सकारात्मक छ । ठगी, मिटरब्याजलगायतका अनुचित लेनदेन, जालसाजी जस्ता आर्थिक तथा वित्तीय अपराध र सार्वजनिक सम्पत्ति एवं स्रोतसाधनको अनुचित दोहनजस्ता गैरकानुनी कामलाई कडाइका साथ नियन्त्रण गरिने छ ।

### कार्यान्वयनको अपेक्षा

भनिन्छ कोटको खल्तीमा जतिसुकै महँगो कलम भए पनि लेख्ने विचारले हो । कलम स्वयम्ले लेख्दैन । प्रस्तुत नीति तथा कार्यक्रममा पनि सरकारको दृष्टिकोण प्रस्तुत भएको छ । साना सानादेखि राष्ट्रिय गौरवका आयोजनासमेतमा सरकारको प्रतिबद्धता प्रकट भएको छ । अबको चुनौती कार्यान्वयनको हो । नीतिमा पर्ने बजेटमा नपर्ने रोगको अन्त्य हुन जरुरी छ । अर्थमन्त्री वर्षमान पुनले 'सरकारको नीति तथा कार्यक्रमलाई मुलुकको बजेटले प्राथमिकतामा नराख्दा विगतमा कार्यान्वयनमा समस्या आउने गरेको थियो । यस पटक सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरेर आएको हो, यसकै आधारमा बजेट बन्छ, सरकारले दृढतापूर्वक कार्यान्वयन गर्छ' भन्नुभएको छ । अर्थमन्त्रीले भनेझैँ जनताका जल्दाबल्दा समस्या र तिनको समाधानसमेतको मार्गचित्र बनेर आएको नीति तथा कार्यक्रम कार्यान्वयन हुन सकेमा आगामी दिनमा देश समृद्धिको मार्गमा उन्मुख हुनेमा विश्वस्त हुन सकिन्छ ।

# ५७ जिल्लामा फैलियो डेङ्गु, सचेतना अपनाउन आग्रह

झापा(प्रस) । डेङ्गु रोगको सङ्क्रमण ५७ जिल्लामा देखिएको छ । मौसम परिवर्तनसँगै पानी पर्न थालेपछि डेङ्गु रोगको सङ्क्रमण पनि बढ्न थालेको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा.गोकर्णप्रसाद दाहालले पानी पर्न थालेपछि मानिसले पानी सङ्कलन गरेर राख्ने र सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने भएकाले डेङ्गुको जोखिम बढेको जानकारी दिए ।

उनका अनुसार ५७ जिल्लामा नौ सय चार जनामा सङ्क्रमणमा देखिएको छ । उनले पानी पनि पर्न सुरु भएकाले डेङ्गुको जोखिम बढ्ने भएकाले सचेतना अपनाउन आग्रह गरे । "पानी पर्न थालेपछि डेङ्गु रोगको सङ्क्रमण पनि बढ्छ", उनले भने, "त्यसैले सङ्क्रमणको रोकथाम र नियन्त्रण गर्न पानी जम्न नदिने लामखुट्टे मार्ने अभियान सञ्चालन गर्नुपर्दछ ।" गत वर्ष ७७ जिल्लामा ५१ हजार एक सय ४३ जनामा डेङ्गु रोगको सङ्क्रमण देखिएको थियो । उनका अनुसार यस पटक धेरैको संख्यामा कुनै पनि जिल्लामा सङ्क्रमण देखिएको छैन । उनले जोखिम हुने ठाउँको पहिचान गरेर लामखुट्टे मार्ने अभियान सञ्चालन गर्न ३३ स्थानीय तहलाई निर्देशन दिइसकेको बताए ।

डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी' र 'एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ । ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएर टोकेपछि डेङ्गु लाग्दछ । "गर्मीसँगै पानी सङ्कलन गरेर राख्ने गरिन्छ, त्यसरी सङ्कलन गरिएको पानीमा लामखुट्टेले फुल पार्दछ, सफा पानीमा त्यही लार्भा बन्ने र वयस्क भएपछि मानिसलाई टोक्ने गर्दछ", उनले भने । डेङ्गु हुँदा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदिजस्ता लक्षण देखा पर्दछन ।

लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएका लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न मन्त्रालयले अनुरोध गरेको छ । यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न दिनु हुँदैन ।

# बाल अधिकारसम्बन्धी अभिमुखीकरण

भद्रपुर(प्रस) । भद्रपुर नगरपालिकाको आयोजनामा बाल अधिकार तथा बाल संरक्षणसम्बन्धी एकदिने अभिमुखीकरण सम्पन्न भएको छ ।

उपप्रमुख राधा कार्कीको अध्यक्षता तथा नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा नगरभरि रहेका विद्यालय तथा वडा बाल क्लबमा आबद्ध बालबालिका र संरक्षक शिक्षकलाई अभिमुखीकरण गरिएको हो ।बालमैत्री अभियन्ता सुमन ढकालले सहजीकरण गरेको कार्यक्रममा बाल सञ्जालका अध्यक्ष आरोग्य तिम्सेनालगायतले मन्तव्य राख्दै बाल अधिकार संरक्षणका लागि सबै पक्ष जिम्मेवार हुनु पर्ने धारणा राखेका थिए । महिला तथा बालबालिका शाखाकी कर्मचारी सञ्जु कोइरालाले सञ्चालन गरेको कार्यक्रममा सामाजिक विकास शाखा प्रमुख जीवनकला राउतले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेकी थिइन् ।

# ताप्लेजुङमा ब्राउनसुगरसहित २ जना पक्राउ

झापा(प्रस) । ताप्लेजुङको फुङलिङ नगरपालिका-४ बाट लागूऔषध ब्राउनसुगरसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बिहीवार दिउँसो साढे १ बजे लागूऔषधको बेचबिखन भइरहेको भन्ने बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय ताप्लेजुङबाट खटिएको प्रहरी टोलीले फुङलिङ नगरपालिका-७ का ४८ बर्षीय कुमार भन्ने प्रेमकुमार गुरुङलाई फेला पारी चेकजाँच गर्दा उनको साथबाट १६ मिलिग्राम ब्राउनसुगर, नगद ३ हजार ७ सय ५०० र १ थान मोवाइल बरामद गरेको थियो ।

नियन्त्रणमा लिएर उनलाई सोधपुछ गर्दा फुङलिङ नगरपालिका-१ का ३७ बर्षीय चन्द्रबहादुर लिम्बूसमेत बेचबिखनमा संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएसँगै लिम्बूलाई समेत पक्राउ गरेको हो । पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कस्यप गोत्रीय अधिकारीको सामूहिक गोठधुप

भद्रपुर(प्रस) । उभौली पर्वको अवसर पारेर कस्यप गोत्रीय अधिकारी वंश प्रतिष्ठान भद्रपुर नगर समितिले सामूहिक गोठधुप तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।

प्रतिष्ठानका नगर अध्यक्ष देवीप्रसाद अधिकारीको अध्यक्षता तथा केन्द्रीय अध्यक्ष नरेन्द्रकुमार अधिकारीको प्रमुख आतिथ्यमा दुई जना जेष्ठ बन्धुलाई सम्मान तथा सामूहिक गोठधुप सम्पन्न गरिएको हो ।

भद्रपुर ९ स्थित अमरबहादुर अधिकारीको घरमा सम्पन्न कार्यक्रममा जेष्ठ बन्धु कृष्णबहादुर अधिकारी र रामकुमारी अधिकारीलाई सम्मान गरिएको थियो ।

नगर समितिका उपाध्यक्ष यमनाथ अधिकारीले स्वागत गरेको कार्यक्रममा केन्द्रीय महासचिव चिरञ्जीवि अधिकारी, कोषाध्यक्ष निमेश अधिकारी, संस्थापक अध्यक्ष ख्यामराज अधिकारी, जग्गादाता रेखा अधिकारीलगायतले मन्तव्य राख्दै बन्धु एकतामा जोड दिएका थिए ।

नगर सचिव भिम अधिकारीले सञ्चालन गरेको कार्यक्रममा नगरको गतिविधि र आगामी रणनीतिका बारेमा अध्यक्ष देवीप्रसाद अधिकारीले प्रकाश पारेका थिए ।

# चिकित्सक कुटपिटको आरोपमा रास्वपाका नेता पक्राउ



झापा(प्रस) । मोरङको उर्लाबारी नगरपालिका–३ मंगलबारेमा रहेको मदन भण्डारी अस्पताल तथा ट्र्मा सेन्टरमा कार्यरत चिकित्सकमाथि कुटपिट गरेको आरोपमा प्रहरीले दुई जनालाई भद्रपुरबाट पक्राउ गरेको छ ।पक्राउ पर्नेमा राष्ट्रिय स्वतन्त्र पार्टी मोरङ क्षेत्र नं. १ का क्षेत्रीय सभापति ३६ वर्षीय सुमन श्रेष्ठ र मंगलबारे युवा क्लबका अध्यक्ष ४६ वर्षीय पिपलराज गिरी रहेका छन् । प्रहरीले श्रेष्ठ र गिरीलाई भद्रपुर ४ बाट बिहीवार पक्राउ गरेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले जानकारी दिए । चिकित्सक कुटपिट गरेको आरोपमा इलाका प्रहरी कार्यालय उर्लाबारीमा तीन जनाविरुद्ध उजुरी दर्ता भएको छ । घटनामा संलग्न अर्का एक जना सानु रोक्का फरार छन् ।

उनीहरुले अस्पतालमा कार्यरत मेडिकल अधिकृत मोरङ पथरी शनिश्चरे नगरपालिका–१ का २५ वर्षीय डा. ब्रोमिस बुढाथोकीलाई कुटपिट गरेको आरोप छ । ३ जेठमा दिउँसो खाजा खाएर फर्किने क्रममा डा. बुढाथोकीमाथि सुमन श्रेष्ठ, पिपलराज गिरी र सानु रोक्काको समूहले आक्रमण गरेको बताइएको छ । उनीहरुले डा. बुढाथोकीमाथि पुरानो रिसिइबीलाई लिएर आक्रमण गरेको जाहेरीमा उल्लेख छ ।

त्यसैगरी, ७ जेठमा आकस्मिक कक्षमा सेवा दिइरहेको अवस्थामा डा. अनिल यादवलाई आक्रमण गरेको बताएका छन् ।

अस्पतालमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीहरुले चिकित्सक कुटपिट गर्नेलाई पक्राउ गरिनुपर्ने र शान्ति सुरक्षाको ग्यारेन्टी हुनुपर्ने माग राख्दै निरन्तर आन्दोलन गर्दै आएका थिए । आन्दोलनअन्तर्गत बुधबार अस्पतालको ओपिडी सेवा ठप्प पारेर उनीहरु आन्दोलनमा उत्रिएका थिए । चिकित्सक कुटपिट गर्नेलाई प्रहरीले पक्राउ गरेकाले चिकित्सकहरुले आन्दोलन फिर्ता लिएका छन् ।

# होटलमा खाएर पैसा नतिरी उल्टै धम्क्याउने ६ पक्राउ



झापा(प्रस) । विराटनगर महानगरपालिकासहित आसपासका क्षेत्रमा आतंक मच्चाउँदै हिँड्ने ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा विराटनगर-७ का २० वर्षीय नेनी शेर्पा, ११ का १८ वर्षीय शाहरुख मियाँ शेख, १९ वर्षीय फैजल खान, विराटनगर-१२ का १८ वर्षीय सुमित ठाकुर, १९ वर्षीय प्रियसिल नारायण चौधरी र २० वर्षीय साजन गुरुङ रहेका छन् । उक्त समूहले विराटनगरका विभिन्न होटल तथा रेस्टुरेन्टहरुमा खाएर बिल तिर्न नमानी माग्दा धम्क्याउदै आक्रमण गर्ने गरेको प्रहरीले जनाएको छ । सो समुहमा अन्य व्यक्तिहरु पनि संलग्न रहेकाले प्रहरीले खोजी कार्य तीब्र पारेको छ ।

प्रहरीका अनुसार उक्त समूहले विराटनगर-४ एयरपोर्ट लाइनमा रहेको सिंहासन रेस्टुरेन्ट परिसरमा गत जेठ ६ गते राति रेस्टुरेन्टका कर्मचारी राहुल सहनीमाथि आक्रमण गरेको थियो । हतियारसहित पुगेको समूहले त्यहाँ रहेका अन्यलाई पनि धम्क्याएको थियो ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

बिर्ता सेफ्टी तथा ढल सफाई

सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ